छलफल तथा निर्णय

१. मिति २०७४ श्रावण २८ गतेदेखि देशको विभिन्न भागमा परेको अविरल वर्षाको कारण पुगेको क्षतिको सूचना विभिन्न मन्त्रालय तथा निकायहरुवाट संकलन गरी तयार गरेको विवरण बैठकमा जानकारी गराइयो ।

२. आयोगका माननीय उपाध्यक्षज्यूबाट राष्ट्रिय योजना आयोगका कृयाकलापहरुलाई प्रभावकारी वनाउन सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष प्रस्तुत गर्नुभएको सुधारका क्षेत्रहरु, सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय उपाध्यक्षलाई प्राप्त प्रत्यायोजित अधिकार एवं निर्देशन र सम्माननीय प्रधानमन्त्रीज्यूको आसन्न भारत भ्रमणका बारेमा माननीय उपाध्यक्षज्यूले आयोगलाई जानकारी गराउनु भयो ।

३. केन्द्रीय तथ्यांक विभाग र राष्ट्रिय विकास स्वंयसेवक सेवाको तत्काल सुधार कार्ययोजनाको मस्यौदा आयोगको आगामी बैठकमा पेश गर्न लगाउने ।

४. २०७४ भाद्र महिनामा हुने मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति र राष्ट्रिय विकास समस्या समाधान उपसमिति तथा समितिका बैठकहरुको तयारीका सम्वन्धमा अनुगमन तथा मूल्यांकन महाशाखा प्रमुखवाट आयोगलाई जानकारी गराइयो । मन्त्रालयस्तरका विकास समस्या समाधान समितिका बैठकहरुमा आवश्यक गृहकार्य सहित सहभागी हुन र राष्ट्रिय विकास समस्या समाधान उपसमिति तथा समितिका बैठकहरुमा सबै माननीय सदस्यहरु अनिवार्यरुपमा सहभागी हुने ।

५. कृषि, वन तथा स्थानीय महाशाखावाट पेश हुन आएको खाद्य हरियाली शहर सम्बन्धी निर्देशिका/कार्यविधिलाई नेपाल सरकार (मन्त्रिपरिषद्) को स्वीकृतिका लागि प्रस्तुत गर्न सहरी विकास मन्त्रालयमा पठाउने। उक्त निर्देशिका/कार्यविधि मन्त्रिपरिषद्बाट पारित भएपछि स्थानीय तहसँग आवश्यक समन्वय गरी सहरी विकास मन्त्रालयमार्फत कार्यान्वयनमा लैजाने।

६. भौतिक पूर्वाधार तथा निजीक्षेत्र महाशाखाबाट प्राप्त हुन आएको जलविद्युत विकाससंग सम्बन्धित उत्पादन, प्रशारण तथा वितरण आयोजनाहरुलाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुपमा लिने । साथै, राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधिको प्रयोजनका निम्ति आयोजनागत रुपमा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना हो भनी सिफारिस गर्नुको सट्टा निजी प्रवर्द्धकका साथै नेपाल सरकारवाट भएका जलविद्युत विकाससँग सम्वन्धित सबै उत्पादन, प्रशारण तथा वितरण आयोजनाहरुलाई एकमुष्ठ रुपमा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना भित्र पर्ने भनी उर्जा एवम् वन तथा भूसंरक्षण मन्त्रालयलाई लेखी पठाउने ।

७. लगानी वोर्डको कार्यालयबाट प्राप्त आयोजना वैंक तथा प्रोजेक्ट आइडिया नोटमा भएका आयोजनाहरुको सम्भाव्यता अध्ययनका लागि आयोगको धारणा माग भएको सम्वन्धमा भौतिक पूर्वाधार तथा निजी क्षेत्र महाशाखाले आयोगका सबै माननीय सदस्यहरु तथा विषयगत महाशाखाहरुवाट जानकारी लिई उक्त वोर्डमा तीन दिनभित्र एकीकृत राय पठाउने । प्रस्तावित आयोजनाहरुका बारेमा आयोगको राय पठाउँदा चौधौं योजना, सम्वन्धित विषय क्षेत्रगत नीति तथा कार्यक्रम र राष्ट्रिय आवश्यकता एवम् प्राथमिकतालाई आधार लिने ।